**<u>स्पस्टीकरण</u>:** यस उपखण्डको प्रयोजनको लागि "पहिलो पटक" भन्नाले यो कार्यविधि प्रारम्भ भएपछि अन्य निकायबाट सरुवा भई यस मन्त्रालयमा आएका अधिकृतलाई प्रमुख जिल्ला अधिकारीको रुपमा खटाएको पटकलाई पहिलो पटक संझनु पर्छ ।

(ख) राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख जिल्ला अधिकारी रहने जिल्लामा प्रमुख जिल्ला अधिकारी खटाउँदा मन्त्रालय, विभाग वा अन्तर्गतका कार्यालयमा कम्तीमा एक वर्ष काम गरेको अधिकृतलाई,

(ग) अनुसूची बमोजिम 'ग' वर्गको जिल्लामा प्रमुख जिल्ला अधिकारी भएको अधिकृतलाई 'ख' वा 'क' वर्गको जिल्लामा प्रमुख जिल्ला अधिकारीमा खटाइनेछ र निजको इच्छा विपरित पुनः 'ग' वर्गको जिल्लामा खटाइने छैन।

(घ) 'क' वर्गको जिल्लामा प्रमुख जिल्ला अधिकारी भइरहेको अधिकृतलाई तत्काल 'क' वर्गको अर्को जिल्लामा प्रमुख जिल्ला अधिकारीको रूपमा खटाइने छैन।

तर, वार्षिक कार्यसम्पादन सम्झौताको मूल्याङ्कनको आधारमा उत्कृष्ट तीनवटा जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई अनुसूची बमोजिम 'क' वर्गको जिल्लाबाट 'क' वर्गकै जिल्लामा खटाउन बाधा पर्ने छैन।

(३) गृह सचिव र प्रमुख जिल्ला अधिकारीबीच हुने कार्यसम्पादन सम्झौताको उपलब्धिस्तरको औसत अङ्कलाई समेत प्रमुख जिल्ला अधिकारीको पदस्थापन, सरुवा वा काजमा खटाउने आधार बनाइनेछ।

७. **<u>कामकाज गर्ने अवधि:</u>** (१) विशेष परिस्थितिमा बाहेक एउटा जिल्लामा प्रमुख जिल्ला अधिकारीको कामकाज गर्ने अवधि सामान्यतया एक वर्षको हुनेछ।

तर, २०७९ बैशाख १ गते अघि प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा खटाईएका अधिकृतहरूको हकमा अन्यत्र कामकाजमा खटाउन बाधा पर्ने छैन।

**<u>स्पस्टीकरण</u>**: यस दफाको प्रयोजनको लागि "विशेष परिस्थिति" भन्नाले जिल्लाको शान्ति सुरक्षाको अवस्था बिग्रिन गएमा, प्रमुख जिल्ला अधिकारी लामो समय कार्यालयमा अनुपस्थित हुने अवस्था भएमा, निजको स्वास्थ्य अवस्था गम्भीर रूपमा बिग्रिन गएमा, विभागीय

## अनुसूची

(दफा ६ को उपदफा (१), उपदफा (२) को खण्ड (क), (ग) र घ सँग सम्बन्धित)

राजपत्राङ्कित प्रथम श्रेणीका प्रमुख जिल्ला अधिकारीहरूको पदस्थापन वा सरुवा वा काजको लागि जिल्लाहरूको वर्गीकरण

| 'क' | 'ख' | 'ग' |
|---|---|---|
| काठमाडौं | इलाम | अछाम |
| कास्की | उदयपुर | अर्घाखाँची |
| कैलाली | कञ्चनपुर | ओखलढुंगा |
| चितवन | कपिलवस्तु | खोटाङ |
| झापा | काभ्रेपलाञ्चोक | गुल्मी |
| पर्सा | गोरखा | जाजरकोट |
| बाँके | तनहुँ | जुम्ला |
| मकवानपुर | दाङ | डडेल्धुरा |
| मोरङ | धनुषा | डोटी |
| रूपन्देही | धादिङ | दैलेख |
| ललितपुर | नवलपरासी (बर्दघाट सुस्ता पूर्व) | दोलखा |
| सुनसरी | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | धनकुटा |
| | नुवाकोट | पर्वत |
| | पाल्पा | पाँचथर |
| | बर्दिया | प्युठान |
| | बारा | बैतडी |
| | भक्तपुर | भोजपुर |
| | महोत्तरी | रामेछाप |
| | रौतहट | रोल्पा |
| | वागलुङ | लमजुङ |
| | सप्तरी | सल्यान |
| | सर्लाही | संखुवासभा |
| | स्याङ्जा | |
| | सिन्धुपाल्चोक | |

